मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

आज हरिबोधिनी एकादशीः पृष्ठ २

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.


२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ३३७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ कात्तिक २९ गते सोमवार (Monday, November 15. 2021) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-



दुवै मात्रा खोप लगाएका मानिसलाई पनि जोखिम कायम

## खोपको प्रतिरोधात्मक क्षमता घट्दै




**बिर्तामोड, कात्तिक २८।** यूकेका स्वास्थ्य संस्था र चिकित्सकहरूले कोभिडविरुद्ध दुवै मात्रा खोप लगाएका मानिसमा रोग प्रतिरोधात्मक क्षमता घट्दै जाँदा कोरोनाभाइरस सङ्क्रमणले मृत्युसम्म हुन सक्ने चेतावनी दिएका छन् ।

मानव शरीरमा प्रतिरक्षा प्रणालीको दुई ठूला भूमिका छन्- शरीरलाई सङ्क्रमित हुनबाट रोक्ने र सङ्क्रमण रोक्न नसकेको अवस्थामा शरीरमा भएको सङ्क्रमण हटाउने ।

एउटा काल्पनिक अवस्था सोचौंः मानौं शरीरको प्रतिरक्षा प्रणाली मध्यकालीन गढ हो । त्यस गढ वरपर कोरोनाभाइरस पक्षका निर्दयी सेनाहरू छन् । उनीहरू महलभित्र छिर्न खोज्दै छन् । हाम्रो पहिलो रक्षा धनुर्धारी सेनाको बाहिरी पर्खाल हो । यो शरीरको एन्टिबडी हो । एन्टिबडीले विपक्षी सेनालाई रोक्न सके भने हामी सङ्क्रमित हुँदैनौं । तर यदि ती पर्खालहरू भत्किए र एन्टिबडी कमजोर प्रस्तुत भएको अवस्थामा भाइरस भित्र पस्छ, अर्थात् हामी सङ्क्रमित हुन्छौं ।

सङ्क्रमण हुनु पूर्ण हार होइन । अझै पनि गढको भित्री भागमा केही सैनिक बाँकी छन् ।उनीहरू हाम्रो शरीरमा भएको 'मेमोरी बी' र 'मेमोरी टी' कोशिका हुन् । ती घोडसवार सैनिकजस्तै गरी निस्कन सक्छन् । जसले प्रतिरक्षात्मक क्षमतालाई अघि बढाई आक्रमणकारीहरूलाई

(बाँकी अन्तिम पृष्ठमा)

नेकपा एमाले १४ औं महाधिवेशन

# झापाबाट ४९ जना प्रतिनिधि चयन

**झापा, कात्तिक २८ ।** नेकपा एमालेको १० औं महाधिवेशनका लागि झापाबाट ४९ जना महाधिवेशन प्रतिनिधि छनौट भएका छन् ।

शनिवार सम्पन्न क्षेत्रीय अधिवेशनबाट महाधिवेशन प्रतिनिधिका रुपमा चयन भएका हुन् । झापामा पाँच वटा निर्वाचन क्षेत्र रहेको र केहीमा सर्बसम्मत रुपमा नेतृत्व चयन भएको छ भने केही क्षेत्रमा निर्वाचन भएको थियो ।

महाधिवेशन प्रतिनिधिका लागि झापा क्षेत्र नम्वर १ बाट हरिचरण बानिया, श्रीप्रसाद मैनाली, गोपालचन्द्र बुढाथोकी, निलकण्ठ तिवारी, असारु राजवंशी, राजु कार्की चयन भए भने महिलातर्फ मीना उप्रेती र मीरा भुर्तेल चयन भएका छन् ।

झापा क्षेत्र नम्वर २ बाट एमाले जिल्ला अध्यक्ष समेत रहेका चिन्तन पाठक, संविधानसभा सदस्य प्रेम गिरी, उमानाथ ओली, एकराज कार्की, ब्रद्री भट्टराई, सनतकुमार राई, वृहस्पति उप्रेती, रोमणी भट्टराई चयन भएका छन् । महिलातर्फ विष्णुमाया भट्टराई, पवित्रा महतरा र अनिता कन्दङ्वा चयन भएका छन् ।

झापा क्षेत्र नम्वर ३ बाट वसन्त बानिया, जीवनकुमार श्रेष्ठ, डम्वर गिरी, लक्ष्मण पाठक, तीलबहादुर राई, मोहनचन्द्र रेग्मी, हरि तिम्सिना, निर्वाचित भए भने महिलातर्फ शुभलक्ष्मी राई र चन्द्रकला श्रेष्ठ निर्वाचित भएका छन् ।

झापा क्षेत्र नम्वर ४ बाट राजेन्द्र पोखरेल, खेमनाथ मिश्र, चन्द्रकुमार शेर्मा, राधाकृष्ण खनाल, भैरव श्रेष्ठ, धनवहादुर थेवे चयन भए भने महिलातर्फ चम्पादेवी खनाल, अमृता राई, र इन्दिरा बस्नेत निर्वाचित भएको नेकपा एमालेले जनाएको छ ।

पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको निर्वाचन क्षेत्रबाट रोमनाथ ओली, होमवहादुर थापा, संविधानसभा सदस्य दीपक कार्की, मदनप्रसाद अधिकारी , सर्वतलाल राजवंशी, अम्विकाप्रसाद खनाल र नारायणप्रसाद गौतम चयन भएका छन् । महिलातर्फ विष्णु खड्का , मेनुका काफ्ले




र लीला कट्टेल कार्की महाधिवेशन प्रतिनिधिका रुपमा चयन भएका छन् ।

दलित तर्फबाट जिल्ला समन्वय समितिका सभापति समेत रहेका एमाले नेता सोमनाथ पोर्तेल, प्रदेश सांसद जसमाया गजमेर र छविलाल विक महाधिवेशन प्रतिनिधिका रुपमा चयन भएको नेकपा एमालेका अध्यक्ष चिन्तन पाठकले बताए ।

**कुन पालिकामा को - को छानिए !**

नेकपा एमालेको १४ औं महाधिवेशन अन्तरगत झापामा सम्पन्न पालिकास्तारीय अधिवेशनबाट १५ वटै स्थानीय तहमा नेतृत्व चयन भएको छ । नेकपा एमाले औपचारिक रुपमा विभाजन भएपछिको पहिलो पालिका स्तरीय अधिवेशनबाट १५ वटै स्थानीय तहमा अध्यक्ष सहितको नेतृत्व चयन भएको हो ।

पालिकास्तरीय अधिवेशनबाट बिर्तामोड नगरपालिकाको अध्यक्षमा सुवास भट्टराई, उपाध्यक्षमा पुष्पा दाहाल, सचिव शेखर कँडेल, उपसचिव प्रकाश

(बाँकी अन्तिम पृष्ठमा)

## वडाध्यक्ष संग्रौलाले माफी मागे



**बिर्तामोड, कार्तिक २८।** बिर्तामोड नगरपालिका -२ का वडाध्यक्ष नगेन्द्र संग्रौलाले सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेखेकोमा माछा पालक किसानसँग माफी मागेका छन् ।

आइतबार फेसबुकमार्फत संग्रौलाले माछा पालक किसानलाई लक्षित गरी लेखेको स्टाटसका कारण माफी मागेका हुन् । संग्रौलाले कार्तिक २४ गते झापाका माछा पोखरीमा हस्पिटलमा उत्पादित फोहोरमैला रात्रीकालीन समयमा चारो (दाना) को रुपमा हाल्ने गरेको भनी स्टाटस लेखेका थिए । उक्त स्टाटसप्रति जिल्लाका किसानले आपत्ति जनाएका थिए ।

वडाध्यक्ष संग्रौलाले बिना आधार, प्रमाण भ्रामक सूचना सम्प्रेषण गरेको माछा किसानको संस्था मेची मत्स्य व्यवसायिक कृषक समूहको दाबी थियो । आइतबार वडाध्यक्ष संग्रौलाले विज्ञप्ति जारी गरी अज्ञानवश स्टाटस लेखेकोप्रति गल्ती महशुस गरेको जनाएका छन् ।

उनले पंगास तथा कार्प जातिका माछाहरु शाकाहारी भएको कुरा जानकारी नभएको र सुन्नमा आएको कुरा भुलवस फेसबुकमा व्यक्त गर्दा उक्त स्टाटसले माछा पालक किसानप्रति असर पर्न गएकोमा विनम्रतापूर्व क्षमायाचना गरेको विज्ञप्तिमा उल्लेख गरेका छन् । उनले आगामी दिनमा आफू र आफ्नो निकायबाट माछा पालक किसानलाई सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

यसअघि पनि बिर्तामोड -२ का वडाध्यक्ष विवादमा मुछिँदै आएका छन् । कहिले सार्वजनिक अभिव्यक्ति त कहिले उनीमाथि विभिन्न लाञ्छना लाग्दै आएको थियो । बिर्तामोड नगरपालिकाको विकास निर्माणका काममा उनी पटकपटक चर्चा र बिवादमा पर्दै आएका थिए । खासगरी एमालेभन्दा बाहेकका दलहरुलाई उनले होच्याएर सामाजिक सञ्चालमा स्टाटस लेख्ने बानीका कारण उनी विवादित बन्दै आएका थिए । तर माछापालक किसानको विरुद्धमा स्टाटस लेखेपछि उनले किसान समक्ष माफी माग्न बाध्य भए ।

## लागूऔषधसहित पक्राउ

**बिर्तामोड, कात्तिक २८।** अर्जुनधारा नगरपालिका -११ बसपार्कबाट लागूऔषध ब्राउन सुगरसहित एक जनालाई पक्राउ गरिएको छ। पक्राउ पर्नेमा अर्जुनधारा नगरपालिका -६ का ३४ बर्षीय सुबास खवास रहेका छन् ।

शनिवार बेलुका अस्थाई प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरी टोलीले खवासलाई ब्राउन सुगर एक ग्राम पाँच सय मिलिग्रामसहित पक्राउ गरेको हो । पक्राउ परेका उनलाई इलाका प्रहरी कार्यालय अनारमनीबाट थप अनुसन्धान भइरहेको छ ।

उता उदयपुर र मोरङबाट प्रहरीले लागूऔषध सहित ३ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा उदयपुर त्रियुगा नगरपालिका -१० का ३५ बर्षीय पेशस घिमिरे, त्रियुगा नगरपालिका -१२ का २१ बर्षीय बिष्णु साह र सुनसरी दुहबी नगरपालिका -३ का २३ बर्षीय शिवा चौधरी रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले त्रियुगा नगरपालिका -११ बैंकलाइनबाट घिमिरे र साहलाई लागूऔषध नाईट्राभेट २२५ ट्याब्लेट र १०० ग्राम गाँजासहित पक्राउ गरेको हो । लागूऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले विराटनगर महानगरपालिका -१५ स्थित २ नम्बर ढाटबाट चौधरीलाई डाईलेक्स डिसी ३ बोतल र नाईट्रोसन १०० ट्याब्लेट सहित पक्राउ गरेको हो ।

## नवोदयको नाफा ४ करोड रुपैयाँभन्दा बढी

**कमल, कात्तिक २८।** नवोदय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको गत आर्थिक वर्षमा ४ करोड रुपैयाँभन्दा बढी खुद नाफा गरेको छ ।

कमल गाउँपालिका -३ केर्खामा मुख्य कार्यालय रहेको सहकारीले गत आर्थिक वर्षमा ४ करोड ८० लाख ५६ हजार एक सय ७७ रुपैयाँ खुद नाफा गरेको हो ।

संस्थाका व्यवस्थापक फणिन्द्रबहादुर कार्कीले प्रस्तुत गरेको आर्थिक प्रतिवेदनमा चालू आर्थिक वर्षमा २१ करोड ५५ लाख १८ हजार ७ सय रुपैयाँ नाफा गर्ने लक्ष्य लिएको छ ।

संस्थाले आगामी मंसीर ५ गते सम्पन्न गर्ने २३ औं वार्षिक साधारणसभाका लागि शाखागत साधारणसभा गर्ने क्रममा आइतवार केर्खामा साधारणसभा सम्पन्न गरेको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## पूर्व विद्यार्थीको सहयोग



**दुहागढी, कात्तिक २८।** जन्मदिनको अवसर पारेर पूर्व विद्यार्थीले झापा मेचीनगर -१४ दुहागढीस्थित बाल सुबोधिनी माध्यमिक विद्यालयलाई २० हजार रुपैयाँ सहयोग गरेका छन् ।

पूर्व विद्यार्थी हाल इलाका प्रहरी कार्यालय वसन्तपुर तेह्रथुमका प्रमुख प्रहरी निरीक्षक मानप्रसाद श्रेष्ठले आफू पढेको विद्यालयमा जन्म दिन मनाएर विद्यालयलाई सहयोग गरेका हुन् । विद्यालयमा आयोजित एक कार्यक्रमकाबीच पूर्व विद्यार्थी श्रेष्ठले विपन्न विद्यार्थीहरुको हितमा खर्च गर्ने गरी नगद २० हजार रुपैयाँ प्रधानाध्यापक विश्व थापालाई हस्तान्तरण गरेका थिए ।

सो क्रममा प्रहरी निरीक्षक श्रेष्ठले जन्मदिनमा फजुल खर्च गर्ने परिपाटी बढ्दै गएकोमा चिन्ता व्यक्त गर्दै जन्म दिनमा आफू पढेको विद्यालयलाई सानो सहयोग गर्न पाउँदा खुशी लागेको बताए । रकम ग्रहण गर्दै प्रधानाध्यापक थापाले विद्यालयलाई सहयोग गरेकोमा धन्यवाद दिएका थिए ।

## विवेकपूर्ण मतदान गर्न आग्रह



**कनकाई, कात्तिक २८।** नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले पार्टीको आन्तरिक महाधिवेशन र नेतृत्व छनौट प्रक्रियालाई विपक्षी दलसँगको लडाइँ जस्तो नबनाउन कार्यकर्तालाई आग्रह गरेका छन् ।

नेपाली कांग्रेस कनकाई नगरपालिका -९ नं वडाको आयोजनामा आइतबार सम्पन्न कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्दै सभापति थापाले संसदीय निर्वाचनमा एमालेसँग चुनावी भिडन्त गर्नुपर्ने भएकोले आन्तरिक छनौट प्रक्रियामा मित्रवत् ब्यवहार गर्न प्रतिष्पर्धी उम्मेद्वारहरुलाई अपिलसमेत गरेका छन् ।

पार्टीमा अहिलेसम्म गरेको काम र योगदानको मूल्याङ्कन गरेर योग्य, सक्षम र क्षमतावान नेतृत्वलाई विवेकपूर्ण मतदान गर्न सभापति थापाले कार्यकर्तासँग अनुरोध गरे ।

कार्यक्रममा नेपाली कांग्रेस झापा प्रचार विभाग प्रमुख कृष्ण हुमागाईं, २ नं क्षेत्रीय सभापति खगेन्द्र मैनाली, शेरबहादुर थापा, टीका प्रसाई, खड्ग प्रसाई, दीपक तामाङ, हस्त परियार, दीपेन्द्र ढकाल लगायतले बोलेका थिए ।

मोहन राजवंशीको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन चन्द्र चुडालले गरेका थिए ।

## उपभोक्ता ठगी गर्नेविरूद्ध मुद्दा दर्ता

**काठमाडौं, कात्तिक २८।** नेपाल गुणस्तर तथा नापतौल कार्यालयले उपभोक्ता ठगी [redacted] कैद र रु. १० हजार जरिवना माग गर्दै मुद्दा दायर गरिएको जनाइएको छ ।

[redacted] आर ट्रेड लिङ्कले चामलका ८० बोरा [redacted]चका क्रममा औषत तौलमा घटी भएको [redacted]ने यन्त्र जाँच अनुमति नलिएको भन्दै [redacted]र्ष कैद सजाय र रु. १० हजार [redacted]नाको माग गर्दै मुद्दा दायर गरिएको [redacted]यले जनाएको छ ।

[redacted]ै वनदेवी आयल स्टोर्सले पेट्रोल तथा [redacted] पम्पमा लगाएको सिल छिनाएकाले [redacted]र्ष कैद सजाय र रु. ३० हजार जरिवाना, [redacted] हार्डवेयरले घटी तौल गरेर सामान [redacted]गरेकाले एक वर्ष कैद र रु. १० हजार [redacted]नाको माग मुद्दा दायर गरिएको सूचना [redacted]ारी पुडासैनीले बताए । राजेश [redacted]रलाई वाणिज्य विभागले यसअघि नै [redacted] लाख जरिवाना गरेको थियो ।

[redacted]गरी बा १ ज ८८८१ नं को ट्याक्सीको [redacted] मिटर जानीजानी सञ्चालन गरेकाले त्यसका चालकलाई तीन वर्ष कैद र रु. ३० हजार जरिवना तथा बा १ ज ४४७९ नं को ट्याक्सीले दिउँसोको समयमा डेडी भाडा लिएकाले त्यसका चालकलाई तीन वर्ष कैद र रु. ३० हजार जरिवाना माग गर्दै मुद्दा दर्ता गरिएको जनाइएको छ । राति ९ बजेदेखि बिहान ६ बजेसम्म मात्र डेडी भाडा लिन पाइन्छ। उक्त कार्यालयले दशैंका बेला बजार अनुगमन गर्दा चार कम्पनीले ठगी गरेको पाइएको जनाएको छ ।

सूर्यविनायकस्थित चम्पकेश्वर हार्डवेयर, भक्तपुरस्थित सेल्सवेरी, भक्तपुरस्थित चण्डेश्वरी डेरी एण्ड स्वीट हाउस र डेली ग्रोसरीले ठगी गरेकाले ती कम्पनीविरुद्ध मुद्दा दर्ता गर्ने तयारी भइरहेको सूचना अधिकारी पुडासैनीले जानकारी दिए । कार्यालयका प्रमुख मनिषकुमार दासले जानीजानी सेवाग्राहीलाई ठगी गर्ने क्रम बढेकाले कार्यालयले कारबाहीस्वरुप मुद्दा दायर गरेको बताए ।

## मिर्गौला पीडितलाई सहयोग

**पाँचथर, कात्तिक २८।** मिर्गौलाको समस्याबाट ग्रसित फाल्गुनन्द-५,नागेम्बाका २९ वर्षीय देशकुमार चेम्जोङलाई नेकपा एमाले फाल्गुनन्दले आर्थिक सहयोग गरेको छ ।

दुवै मिर्गौला खराब भएका चेम्जोङको डाक्टरले ट्रान्सप्लान्ट गर्नुपर्ने बताएपछि एमाले वडा नम्बर ५ र पालिका कमिटीको तर्फबाट ३१ हजार चार सय १५ रुपैयाँ पीडितको श्रीमती संगीता राई चेम्जोङलाई हस्तान्तरण गरिएको एमाले गाउँपालिका अध्यक्ष विनोद आङ्देम्बेले जानकारी दिए ।

राष्ट्रिय युवा संघ नेपाल वडा नम्बर -५ का उपाध्यक्ष समेत रहेका मिर्गौला पीडित चेम्जोङको उपचारमा सहयोग गर्न पार्टीका जिल्ला, प्रदेश र केन्द्रीय नेताहरूसँग समेत पहल गर्ने परिवारलाई आश्वासन दिँदै अध्यक्ष आङ्देम्बेले रकम प्रदान गरेका थिए ।

(बाँकी अन्तिम पृष्ठमा)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि

सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।

नेपाल सरकार

**राष्ट्रिय जनगणना २०७८ जिल्ला जनगणना कार्यालय झापाको अनुरोध**

मेरो गणना मेरो सहभागिता भन्ने मूल नाराका साथ यही मिति २०७८ कात्तिक २५ गतेदेखि मंसीर ९ गतेसम्म तपाईंहरुको घरपरिवारमा जनगणना कार्यका लागि आउनुहुने गणकहरुलाई सत्यतथ्य विवरण उपलब्ध गराइ सहयोग गरिदिनुहुन हार्दिक अनुरोध छ ।

**जिल्ला जनगणना कार्यालय भद्रपुर, झापा ।**

# बिर्तामोडका व्यवसायीलाई मंसीर १ गतेबाट खोप लगाइने

**बिर्तामोड, कात्तिक २८।** बिर्तामोड उद्योग वाणिज्य संघमा आवद्ध व्यवसायीहरुलाई आगामी मंसीर १ गते कोरोना विरुद्धको खोप लगाइने भएको छ।

संघको पहलमा गत असोज २ र ३ गते भेरोसिल खोपको पहिलो मात्रा लगाइएको थियो। पूर्वको व्यस्त शहरको रुपमा रहेको बिर्तामोडका व्यवसायीहरुलाई कोरोना विरुद्धको दोस्रो खोप मंसीर १ गते लगाउने निर्णय भएको बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीले जानकारी दिए।

खोप लगाउन पहिला आउनेलाई पहिलो प्राथमिकता दिइने संघका प्रवक्ता सञ्जीव घिमिरेले बताए। संघको कार्यालयमा बिहान १० बजेदेखि ४ बजेसम्म खोप लगाउने कार्यक्रममा रहेको संघका वरिष्ठ उपाध्यक्ष राजु न्यौपानेले बताए।

खोप लगाउन आँउदा भौतिकदूरी तथा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरिदिन आग्रह गरिएको छ। बिर्तामोड उद्योग वाणिज्य संघले यस अघि कोरोना विरुद्धको पहिलो खोप दुई चरणमा लगाएको थियो। आफ्ना ब्यवसायीलाई कोरोनाबाट सुरक्षित राख्ने उद्देश्यका साथ खोप लगाउने कामलाई प्राथमिकता दिइएको महासचिव अर्जुन मैनालीले बताए।

## नवोदय..

२०५५ सालमा २७ जना व्यक्तिबाट १३ हजार ५०० रुपैयाँ संकलन गरी शुरु गरेको सहकारीले ३ कठ्ठा ११ धुर जमिनसहित चार तले पक्की भवनबाट मुख्य कार्यालय सञ्चालनमा गरेको छ। संस्थामा १६ हजार ३८ जना सदस्य थपिएका छन् भने शेयर पुँजी १२ करोड १३ लाख १५ हजार ७०० रुपैयाँ पुगेको अध्यक्ष शरणकुमार पराजुलीले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ।

कार्यक्रममा कमल गाउँपालिका वडा नम्वर -३ का वडा अध्यक्ष नरप्रसाद दंगाल, सल्लाहकार समितिका संयोजक दिलीपकुमार चापागाईं, सदस्य लैनबहादुर पौडेल लगायतले बोलका थिए। कार्यक्रमको सञ्चानलन उपाध्यक्ष बलराम गजुरेलले गरेका थिए।

## मिगौंला...

आर्थिक अवस्था कमजोर भएका चेम्जोङको हाल ह्युमन अर्गन ट्रान्सप्लान्ट सेन्टर भक्तपुरमा उपचार भइरहेको छ। बिरामीको उपचारका लागि उनका परिवारले देश विदेशमा रहेका नेपालीसँग हारगुहार गर्दै आएका छन्।

थप उपचार गर्न रकम जुटाउनु पर्ने भएकाले मोबाइल नम्बर ९८२४९९३१८२ मा सम्पर्क गरी आर्थिक सहयोग गरिदिन पनि दाताहरुसंग पीडितका परिवार सदस्यले आग्रह गरेका छन्।

## खोपको...

बाहिर निकाल्न सक्छन्।

कोभिड खोपले हाम्रो शरीरको सैनिकहरू एन्टिबडी र मेमोरी कोशिकाहरूलाई तालिम दिइरहेको छ। यो तालिम कोरोनाभाइरसविरुद्ध लड्नका लागि हो।

तीमध्ये कम्तीमा एक प्रतिरक्षक कमजोर भइरहेको छ भने त्यो कुनै आश्चर्यजनक विषय होइन। यो प्रक्रिया हरेक पटक सङ्क्रमण हुँदा वा कुनै खोप लगाए पछि दोहोरिन्छ। एन्टिबडीहरू समयसँगै कम भइरहेका छन् भन्ने कुरा पुष्टि गर्ने बलियो प्रमाण छ र यसले हामीमा केही स्वभाविक कमजोरी पनि छोडेको छ, - एडिनबर्ग विश्व विद्यालयका रोग प्रतिरक्षा विज्ञ प्राध्यापक एलेनोर रिलेले भने।

डेल्टा भेरिअन्टको उदयले ती एन्टिबडीलाई झनै खराब स्थितिमा पुऱ्याएको छ। उक्त भेरिअन्ट बढी सङ्क्रामक छ र मानव शरीरमा सहजै प्रवेश गर्छ। नतिजा हामीले देखेका छौं: दुवै मात्रा खोप लगाएका मानिसहरू पनि कोभिड-१९ बाट सङ्क्रमित छन्। प्रकाशन हुन बाँकी एउटा अनुसन्धानले के अनुमान गरेको थियो भने अस्ट्राजेनेका खोपको दोस्रो मात्रा लगाउने बित्तिकै कोरोनाभाइरस सङ्क्रमणको लक्षण ६६ प्रतिशतले कम गर्छ।

ठीक पाँच महिनापछि उक्त आँकडा ४७ प्रतिशतमा झऱ्यो। फाइजर खोपको हकमा उस्तै आँकडा ९० प्रतिशतबाट ७० प्रतिशतमा झऱ्यो।

यो भाइरसको सङ्क्रमण नियन्त्रण गर्न खोजिरहेका सरकारहरूका लागि गम्भीर समस्या हो। सङ्क्रमणले शरीरमा गम्भीर असर गर्छ कि गर्दैन भन्ने कुरा रोग प्रतिरोधी क्षमतामा भर पर्छ। यद्यपि हालका लागि खोपले कमै मात्र मानिसलाई अस्पताल जान नपर्ने अवस्था सिर्जना गरेको छ।

ब्रिस्टल विश्वविद्यालयका प्राध्यापक एवम् सरकारी खोप सल्लाहकार एडम फिन भन्छन्- "हामीले धेरै सङ्ख्यामा खोप लगाएका र खोप नलगाएका दुवै किसिमका मानिसहरू अस्पतालमा आएको देखिरहेका छौं।

'खोपका कारण हामी सङ्क्रमणका सामान्य लक्षणविरुद्ध त सुरक्षित छौं। तर यसले अस्पतालमा पुग्न वा सङ्क्रमणकै कारण हुने मृत्यु रोक्न बिस्तारै कम भइरहेको छ।'

अस्पतालमा उपचार आवश्यक पर्ने वा मृत्युसम्म पुग्ने जोखिम वृद्धहरूमा बढी छ। दुवै मात्रा खोप लगाएका मानिसहरूको मृत्युको ठूलो सङ्ख्या ७० वर्षभन्दा माथि उमेर समूहको रहेको छ। युवा समूहमा उक्त जोखिम कम छ।

मानव शरीरको प्रतिरक्षा प्रणाली निर्माण गर्नेसहित हरेक कोशिका समयसँगै पुराना हुन्छन्। कोशिकाहरू पुरानो वा बुढो हुनुको अर्थ खोपहरूमार्फत प्रतिरक्षा प्रणालीलाई सक्रिय बनाउन कठिन हुनु हो। त्यसले सङ्क्रमण भएको अवस्थामा पनि ढिला प्रतिक्रिया जनाउँछ। यसका कारण एन्टिबडीहरू कम हुँदै गएका छन् जसका कारण प्रतिरक्षा प्रणालीमा असर परेको छ।

'सुरुवाती चरणमा वृद्ध मानिसलाई खोपले सुरक्षा दिनु सम्भव थियो तर अब एन्टिबडीहरू कमजोर भएका छन्। तिनीहरूसँग दोस्रो पटक कोभिड-१९ विरुद्ध सुरक्षा दिने क्षमता नहुन सक्छ'- प्राध्यापक रिलेले भने।

सोही कारण वृद्ध सङ्क्रमितहरूको दुवै मात्रा खोप लगाए पनि मृत्यु भएको हुनसक्ने बताए। यसमा बुढ्यौलीसँगै आउने शारीरिक स्वास्थ्य समस्याहरू पनि कारक बन्न सक्छन्। सबैतिर जोखिममा रहेका वृद्धवृद्धालाई सुरुवातमा खोप दिइएको थियो। त्यसैले हाल उनीहरूको शरीरमा एन्टिबडी कम हुँदै गएको उनले बताए।

त्यस्तै क्यान्सरका बिरामी वा अङ्ग प्रत्यारोपण गराएका बिरामीहरूको शरीरले पनि खोपलाई उचित प्रतिक्रिया जनाएन। यसको कारण उनीहरूको प्रतिरक्षा प्रणाली पहिल्यै कमजोर हुनु हो। अक्सफोर्ड-अस्ट्राजेनेका र फाइजर-बायोएनटेक खोपहरूबीच महत्वपूर्ण भेद छन् जसले यूकेका मानिसहरूलाई सुरक्षित बनाउन महत्वपूर्ण भूमिका खेलेका छन्। 'ती खोप प्रतिरक्षा प्रणालीको फरक भागहरूका लागि उचित देखिएका छन्,'- डा. हेलेन प्यारीले भनिन्। उनका अनुसार फाइजरजस्ता एमआरएनए खोपहरूले एन्टिबडी विकासका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरे भने अस्ट्राजेनेकाले शरीरमा टी-सेल प्रतिक्रिया विकास गर्न। माथि उल्लेखित गढको प्रसङ्गमा फाइजर पर्खालबाहिर रहेका धनुषधारी भएर सङ्क्रमणलाई भित्र पस्न नदिन उपयोगी देखिए। त्यस्तै अस्ट्राजेनेकाले महलको भित्री पाटो सुरक्षित राख्यो। सकारात्मक पक्ष के हो भने एन्टिबडी कम हुँदै जाँदा केही एकदम प्रभावकारी खोपहरू विकास भएका छन्।

## झापाबाट.....

लिङ्देन र उपसचिवमै मदन बुढाथोकी चयन भएका छन्।

बद्धशान्ति गाउँपालिकामा अध्यक्षमा नेत्रप्रसाद रिजाल, उपाध्यक्षमा शम्भु पौडेल, सचिवमा धरणिधर पोखरेल, उपसचिवमा मुना दहाल र गुणराज आचार्य चयन भएका छन्।

मेचीनगरमा अध्यक्षमा राजु पोखरेल, उपाध्यक्षमा दिनेश राजवंशी, सचिवमा कञ्चन तामाङ र उपसचिवमा बेनु मगर र जगन भट्टराई चयन भएका छन्।

त्यस्तै अर्जुनधारामा अध्यक्षमा बलदेव गोम्देन, उपाध्यक्षमा लोकमान श्रेष्ठ, सचिवमा लवकुश गौतम, उपसचिवमा सरिता भण्डारी र जनक चौलागाई चयन भएका छन्। भद्रपुरमा अध्यक्षमा ब्रम्हलाल ढुंगाना, उपाध्यक्षमा हिम केरुङ, सचिवमा घनश्याम लकान्द्री, उपसचिवमा कौशिला अधिकारी र किरण कार्की चयन भएका छन्। त्यस्तै कचनकवल गाउँपालिकामा अध्यक्षमा नवराज भट्टराई, उपाध्यक्षमा चेतनाथ भट्टराई, सचिवमा दुर्गा थापा, उपसचिवमा सुबल राजवंशी चयन भएका छन्। त्यस्तै बाह्रदशीमा बुद्धराज कार्की अध्यक्ष, गंगाराम धिताल उपाध्यक्ष, घनिन्द्र ढकाल सचिव र रवीन ढकाल तथा मानबहादुर राजवंशी उपसचिवमा चयन भएका छन्।

त्यस्तै हल्दिवारी गाउँपालिकामा त्रिलोचन सापकोटा अध्यक्ष, महेश मेचे उपाध्यक्ष, सागर पोर्तेल सचिव, लक्ष्मीदेवी शिवाकोटी र हरिकृष्ण अधिकारी उपसचिवमा चयन भएका छन्।

कनकाई नगरपालिकामा खड्गप्रसाद प्रसाई अध्यक्ष, बिनोद रानामगर उपाध्यक्ष, देवीप्रसाद उप्रेती सचिव, खिनमाया आचार्य उपसचिवमा चयन भएका छन्। झापा गाउँपालिकामा गजेन्द्र ताम्ली अध्यक्ष, गौरी राजवंशी उपाध्यक्ष, भीमप्रसाद रिजाल सचिव र देवीमाया कोइराला तथा साझेमान सेख उपसचिवमा चयन भएका छन्।

शिवसताक्षीमा रोशन थापा अध्यक्ष, कमल लामिछाने उपाध्यक्ष, कमल नेपाल सचिव, सुमित्रा अधिकारी र भीम लिभाङ उपसचिव चयन भएका छन्। कमल गाउँपालिकामा भने प्रेमबहादुर पोखरेल अध्यक्ष, पृथ्वी राई उपाध्यक्ष, हरि ढकाल सचिव तथा वीरेन्द्र राजवंशी र चन्द्रकला ढकाल उपसचिवमा चयन भएका छन्।

त्यस्तै गौरीगञ्ज गाउँपालिकामा गोविन्द कुँवर अध्यक्ष, रामकृष्ण पन्त उपाध्यक्ष, श्रवण गिरी सचिव तथा कृष्ण महतो र राजकुमार राजंवंशी उपसचिवमा चयन भएका छन्। गौरादह नगरपालिकामा मित्रदेव काफ्ले अध्यक्ष, गजेन्द्र घिमिरे उपाध्यक्ष, जीवन कार्की सचिव, उपेन्द्र निरौला र प्रकाश पराजुली उपसचिवमा चयन भएका छन्। दमक नगरपालिकामा भने गेहनाथ पोखरेल अध्यक्ष, इन्द्रबहादुर गुरुङ सचिव, सन्तोष दुलाल र उर्मिला ओली उपसचिवमा चयन भएका छन्। उपाध्यक्षको चयन भने हुन बाँकी रहेको नेकपा एमाले झापाको सचिवालयले जनाएको छ।


## तु-आवश्यकता

काँकरभिट्टास्थित एक होटलका लागि निम्न कर्मचारीको आवश्यकता भएको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

पद : फास्टफुड कुक :

संख्या : १ (पुरुष)

अनुभवीलाई विशेष ग्राह्यता दिइने

सम्पर्क : ९८४२७५४२५४
९८०२७५४२५४

## ट्रक ड्राइभर चाहियो

हेबी ट्रक ड्राइभरको लाइसेन्स भएको पहाडी रुटमा पनि चलाएको अनुभव भएको ड्राइभर तुरुन्त चाहियो।

सम्पर्क
९८१४०१२२६६, ९८०४९०१३५६
९८०४९९९७६६

## घर जग्गा बिक्रीमा

बिर्तामोड नपा वडा नं. १ सिनेप्लाजाबाट पश्चिम खानेपानी टेङ्की जाने पिचरोडको पश्चिमपट्टी ७½-साठे सात धुर जग्गामा बनेको टिनको छाना भएको घरजग्गा बिक्रीमा रहेको हुँदा आवश्यक पर्ने महानुभावले सम्पर्क गर्नु होला।

मो. नं. ९८४४६४२०९५, ९८१७९९०२९९

## VACANCY ANNOUNCEMENT

We are seeking the below mentioned subject teachers to fulfill the vacant posts as soon as possible.

| S. n. | level | Category/faculty | No. of posts | Qualification |
|---|---|---|---|---|
| 1 | Basic | Science/maths | 2 | I. Sc. /+ 2 passed |
| 2. | Basic | Social | 2 | I.A. / I. Ed./+ 2 passed |
| 3. | Basic | English | 2 | I.A./I. Ed./+2 passed |

Interested candidates who are Nepali citizens are requested to apply within a week of publication of this advertisement. Only short listed candidates will be called for interview and demo classes personally.

Principal

**Unique English Boarding School**

Mechinagar-12, Saharedangi

For further information contact: 9852671757/9816634314/9814934118

## कर्मचारी तु-आवश्यकता

बिर्तामोड-५ पुरानो भद्रपुर रोडस्थित **बस्नेत फ्रेस हाउस** का लागि मासु काट्न जान्ने कर्मचारी आवश्यकता परेको हुँदा दक्ष व्यक्तिले तु-सम्पर्क गर्नु होला।

तलब सुविधा : ९०००+खाना बस्न

सम्पर्क : ९८०३४०१९७०

## कर्मचारी आवश्यकता

तलब कम्पनीको नियम अनुसार

| क्र.सं. | विवरण | संख्या | क्र.सं. | विवरण | संख्या |
|---|---|---|---|---|---|
| १. | सेक्युरिटी गार्ड (पुरुष/महिला) | १०/१० | ६. | वेटर/वेट्रेर्स | १०/१० |
| २. | क्लिनर महिला | १५ | ७. | हाउस किपिङ्ग (महिला/पुरुष) | १०/१० |
| ३. | एकाउण्टेन्ट | ५ | ८. | कफी मेकर | ५ |
| ४. | हेल्पर पुरुष | १० | ९. | कुकमेन/सेफ | ५ |
| ५. | रिसेप्सनिष्ट | ५ | १०. | किचन हेल्पर (महिला/पुरुष) | ६ |

सेक्युरिटी र अन्य कामको अनुभवीलाई बिशेष प्रथमिकता हुनेछ। साथै सम्पूर्ण कामका लागि ट्रेनिङसहित रोजगारीको ग्यारेन्टी हुनेछ।

**विर सेक्युरिटी एण्ड क्लिनिङ सर्भिस प्रा. लि.**

बिर्तामोड-५, कृषिथोक लाइन

९८५२६४०१२३, ९८०७९१४१२३, ०२३-५४४८३४

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।



## Invitation for Sealed Quotation

**Name of the Office : Jhapa Rural Municipality**, Taghanduba, Jhapa

**Invitation for Sealed Quotation No: SBQ/Jhapa/JRM/Cycle/01/078-79**

***Date of first Publication: 15-11-2021 AD (2078-07-29 BS)***

1. Jhapa Rural Municipality invites sealed quotations from registered Suppliers for the Supply, Delivery and Installation of Ladies Cycle.
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Jhapa Rural Municipality Taghandubba, Jhapa Nepal, 9852630900, jhapagaunpalika@gmail.com.
3. A complete set of Bidding Documents may be purchased from the office Jhapa Rural Municipality Taghandubba, Jhapa, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 29-11-2021AD (2078-08-13 B.S) 15:00 hours during office hours.
4. Bidders, submitting their bid should deposit the cost of bidding document in the following account

i. Name of the Bank :NIC Asia Bank Ltd. ii. Name of Office :Jhapa Rural Municipality

iii. Office Account No 2022050512514014,( Aantarik Rajaswa Khata)

5. Sealed bids must be submitted to the office Jhapa Rural Municipality Taghandubba, Jhapa Nepal by hand on or before

30-11-2021 AD (2078-08-14) 12:00 hours. Bids received after this deadline will be rejected.

6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 30-11-2021 AD (2078-08-14)13:00 hours at the office of Jhapa Rural Municipality.

Bid must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 50000 , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[K2CA051251452407] (Dharauti Khata)at [NIC Asia Bank Ltd. , Jhapa Bazaar Branch] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever

| S.n. | Name of project | Contract ID no: | Total no. of Quantity | Estimated amount With VAT(Nrs). | Remarks |
|---|---|---|---|---|---|
| 1 | Supply, Installation and Delivery of Ladies Cycle all complete(As per Specification) | SBQ/Jhapa/JRM/Cycle/01/078-79 | 220 | 19,86,314.00 | |

……………………….

Chief Administrative Officer

## राष्ट्रिय जनगणना २०७८
## मेरो गणना-मेरो सहभागिता

- जनगणनामा स्वयम् सहभागी भएमात्र गणना पूर्ण हुन्छ।
- सबैले घरमा आउने गणकलाई सहयोग गरौं।
- आफ्नो तथा परिवारका व्यक्तिहरुको विवरण टिपाऔं।
- आफ्नो नाता, कुटुम्ब, साथीभाइ, छरछिमेकी र चिनेजानेका सबैलाई जनगणनामा सहभागी हुन प्रेरित गरौं।

**गणना गर्ने अवधि : कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म**

नेपाल सरकार
विज्ञापन बोर्ड

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।




भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## अब बिर्तामोडमा घर-घरमै स्वास्थ्य सेवा
## VARANNYA HEALTHCARE AT HOME

**तपाईंको स्वास्थ्य सेवामा नौलो प्रयोग !**
**के यो सम्भव छ ?**

*यसलाई सम्भव र सफल बनाउने हाम्रो सपना र प्रतिबद्धता*

- तपाई सूचना दिनुहोस् हामी तपाईंका रोग सम्बन्धी विशेषज्ञ डाक्टरका साथ घरमै आएर उपचारमा संलग्न हुनेछौं।
- उपचारको पहिलो चरणमा अस्पताल धाउनु पर्ने र अनेक झन्झटबाट मुक्त गर्नेछौं।
- तपाईंको उपचार सेवाका बारेमा आवश्यक प्राथमिक उपचार, परामर्श तथा विशेषज्ञ सेवाका लागि हामी तत्पर छौं।

**उपलबध हुने सेवाहरु**

- चिकित्सकीय सेवा
- ल्याव सेवा
- कोभिड-१९ सम्बन्धी सेवा
- नर्सिङ सेवा
- फिजियोथेरापी सेवा

**तपाईंहरुको सेवामा समर्पित**

**वरेण्य हेल्थकेयर सर्भिस क्लिनिक प्रा.लि.**

**बिर्तामोड-१, झापा (सम्पर्क नं. ९८२४०६६०५२)**

*उल्लेखित सेवा बाहेक हाल महामारीको रूपमा रहेको कोभिड-१९ को संक्रमणविरूद्धको हाम्रो अभियान अन्तर्गत निम्न सेवाहरूका लागि पनि हामी प्रतिबद्ध छौं।*

- रुघा, खोकी, झाडापखाला, जिउ दुख्ने जस्ता लक्षण देखिएमा कोभिड-१९ को संक्रमण हुनसक्छ। यस्तोमा Home Care Management अन्तर्गत प्रदान गरिने सहज सेवाहरु :
- RAT Antigen Test अथवा PCR Test, रगतको परीक्षण, एक्स-रे, सीटी स्क्यान (CT–Scan)
- उल्लेखित सेवामा विज्ञ चिकित्सकको निगरानी तथा Paramedical Team द्वारा घरदैलोमा सेवा।

*रिपोर्ट पोजेटिभ आए :*

होम आइसोलेसन प्याकेज अन्तर्गत :

- डाक्टर (M.O.) Visit
- कन्सलेन्ट डाक्टरको परामर्श सेवा
- विज्ञद्वारा कोभिड सुरक्षा शिक्षा
- विज्ञद्वारा पोषण शिक्षा
- डाक्टरद्वारा Home Isolation Support का लागि प्रत्यक्ष सेवा।

**Post-Covid Management**

कोभिड उपचारपछि अस्पतालबाट घर फिर्नु भएको छ र चिकित्सकीय सेवा आवश्यक छ भने डाक्टर, नर्स, पारामेडिकल तथा टेली कन्सल्टेन्ट सेवा

- पोस्ट कोभिड सुरक्षा सम्बन्धी शिक्षा
- पोषण सम्बन्धी सेवा

**VARANNYA HEALTHCARE SERVICE**
CLINIC Pvt. Ltd.
Birtamode-1, Jhapa, Nepal, Mob.9824066052


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

**सम्पादकीय**

# आजदेखि चाडहरुको समापन

**आज हरिबोधनी एकादशी । आजकै दिनदेखि यस वर्षका चाडपर्वहरु समापन हुने मान्यता छ । यही दिनदेखि वडादशैंको कोजाग्रत पूर्णिमादेखि बाल्दै गरेको आकाशे दीप अर्थात् आकाशे बत्ती बाल्न छाडिन्छ । एकादशीहरु मध्येको ठूलो भनेर ठूली एकादशी पनि भनिने गरेको छ । यही दिनदेखि हरिशयनी एकादशीका दिनदेखि चिर निद्रामा सुत्नु भएका प्राणी जगतका पालनकर्ता भगवान विष्णु उठ्नुहुन्छ भन्ने वैदिक सनातन धर्मको मान्यता अनुरुप भगवान विष्णुको प्रतीक मानेर घर–घरमा तुलसीको विशेष पूजा गरिन्छ । हरिशयनी एकादशीका दिन रोपेको तुलसीको हुर्किएको बिरुवाको विशेष पूजा गरिन्छ । सनातनी परम्परामा प्रत्येक दिन बिहान उठेर स्नानादि कर्म सकेर तुलसीलाई पानी चढाएर मात्र दैनिकी प्रारम्भ गर्ने गरिन्छ । विज्ञानका दृष्टिले समेत अत्यन्त महत्वपूर्ण वनस्पति तुलसीको पात, डाँठ, फूल र त्यसको स्पर्श पाएको हावा पनि पवित्र र स्वस्थकर मानिन्छ । घर–आँगनमा रोपिने तुलसी मानव सभ्यतासँगै जोडिएको छ र यो मृत्यु संस्कारसम्म अनिवार्य मानिन्छ ।**

**हरिबोधनी एकादशीका दिन तुलसीको मठ विशेष किसिमले श्रृंगार गरिन्छ । बाँसका लिङ्गो, उखुको बोट गाडेर, फूलको मालाले बेरेर विशेष पूजा गरिने आजको पर्वमा नयाँ अन्न भगवान विष्णुलाई अर्पण गरेर आफ्ना लागि अनुमति माग्ने विशिष्ट परम्परा रहेको छ । त्यसैले यो दिनलाई नयाँ अन्नको औपचारिक प्रयोग गर्ने दिनका रुपमा समेत लिइन्छ । सनातनी परम्परामा भगवान विष्णु पालनकर्ता हुन् । सम्पूर्ण प्राणी जगतको पालनकर्ता रहेका भगवान विष्णुको प्रतीकका रुपमा पूजा गरिँदै आएको तुलसी आध्यात्मिक, धार्मिक, वैज्ञानिक र वातावरणीय दृष्टिले पनि महत्व छ । त्यसैले आजका दिन सनातन संस्कृतिका अनुचरहरु बिहानै उठेर नुहाईधुवाई गरी, चोखोनितो भएर ब्रत बस्छन् । तुलसीको मठमा विशेष पूजा गरेर कतिपयले आहुती दिएर कन्दमूल र फलफूल खाएर ब्रत पूरा गरिन्छ ।**

**देशको राजधानी काठमाडौंमा भगवान विष्णुको अनुकम्पा रहिरहोस् भनेर उपत्यकाको चारै कुनामा भगवान विष्णुको प्रतिमा राखिएको छ । जस अनुसार पूर्व कुनामा चाङ्गुनारायण, पश्चिम कुनामा इचङ्गुनारायण, उत्तर मा विशंखुनारायण र दक्षिण कुनामा शेषनारायणका नाममा भगवान विष्णुलाई विराजमान गराइएको छ । यो दिनमा यी चारै नारायण स्थानहरुमा दर्शनार्थीहरुको घुइँचो हुने गरेको छ । त्यसैगरी देशका विभिन्न विष्णु मन्दिरहरुमा पनि भक्तालुहरुको चहलपहल हुने गर्दछ । यही दिन लामो निद्रामा भगवान विष्णुले तुलसीको प्रार्थना पहिले सुनेको र त्यसकै प्रभावले तुलसीसँग विवाह भएको मान्यता रहेको छ । त्यसैले आजको दिन नियम अनुसार व्रत र पूजा गरे सबै मनोकांक्षा पूरा हुने जनविश्वास छ । यही विश्वासले अडेको सनातनी समाजलाई हरिबोधनी एकादशीको शुभकामना ।**

**सामाजिक सञ्जाल**



मान्छेलाई आफ्नो प्राणमा संकट नआएसम्म मात्र हो, नानाथरी बहसमा रूची लाग्छ । देख्नु भएन कोभिड संकट उत्कर्षमा पुग्दा सारा संसारमा छाएको मसाने सुनसान ! जीवनमा, जीवनभन्दा महत्वपूर्ण केही छैन । तर, जीवनका आफैं चाहिँ के मा अडेको छ ?

**– विजयकुमार पाण्डे**



आचरणका आधारमा देशका महत्वपूर्ण पदहरू खाली गर्दै जाने हो भने आजका मितिमा अधिकांश पद खाली हुने छन्, रिक्त स्थान पदपूर्ति हम्मे-हम्मे नै पर्नेछ । तर, बहस चुलिएका बेला, अब उपरान्त पदको गरिमा र व्यक्तिको चयनमा आचरणहिनहरू चयन नगर्न, ठालु आचरणहिनहरू संवेदनसिल हुन जरूरी देखियो, होइन त ?

**– भुषण दाहाल**

# अध्ययन संस्कृतिसँग मनोरञ्जन र समाज रुपान्तरणको सम्बन्ध



**तीर्थराज खरेल**

अहिले पनि पुस्तक पढ्नु भनेको फगत औपचारिकताका लागि हो वा मनोरञ्जनका लागि हो भन्ने नै छ। कला कलाका लागि हो कि कला जीवनका लागि हो भन्ने अनुत्तरित प्रश्नको युगौंदेखि अहिलेसम्म पनि चलिरहेको छ र यसको विवाद, छलफल र बहस जारी छ। किताब पढेर समय खेर फाल्नु हो भन्ने आमधारणा छ। पछिल्लो समय सूचना तथा प्रविधिको विकाससँगै पुस्तक पढ्ने संस्कृति हराउँदै गएको छ। यो चिन्ताको विषय हो। पठन संस्कृतिको विकास नभएसम्म समाज रुपान्तरण हुँदैन। विद्यार्थीले पनि पाठ्यक्रमका पुस्तक मात्र नभई अन्य पुस्तकहरु पनि अध्ययन गर्नु अनिवार्य छ। सरकारले पठन संस्कृति विकास गर्नको लागि स्थानीय तह तथा विद्यालयमा पुस्तकालय निर्माण गर्ने बजेट विनियोजन गर्ने र त्यसको उचित कार्यान्वयन गर्न आवश्यक छ। विदेशमा बस तथा रेलमा यात्रा गर्दादेखि स्वीमिङ पुलमा पनि पुस्तक पढ्ने संस्कृति छ।

हाल मोबाइल संस्कृति बढ्दो क्रममा छ। हाम्रोमा भने पुस्तक अध्ययन गर्नेभन्दा मोबाइलमै रमाउनेको संख्या बढ्न थालेको छ। यसले समाजको सकारात्मक परिवर्तन हुन सक्दैन। अध्ययन नगरी सफलता हासिल गर्न सकिँदैन भन्ने थाहा भए पनि मानिस अध्ययनका पक्षमा पछाडि पर्दछ। यदि ऊ सार्थक भविष्यको योजना बुन्दैन, थाह पाएको छु अब भोलिबाट शुरुवात गर्ने हो भनी जय भोलिको अन्धभक्तले जालोमा पर्छ र उसको ढिला बुद्धि बंगारा आउँछ भने समय धेरै घर्किसकेको हुन्छ। त्यसैले समयमा नै अध्ययन र पठन संस्कृतिका बाधकहरुको पहिचान गरी तिनलाई पन्छाउँदै समुन्नत भविष्यका लागि अध्ययनका पाइलाहरुलाई आत्मसात गर्नु पर्दछ। अध्ययन गर्दाको समयमा पैसा नभएर अध्ययन नगरेको, घरपरिवारले राम्रो सहयोग नगरेको, साथीभाइले राम्रोसँग अध्ययन नगरेकोले नपढेको जस्ता बहानाबाजी गर्ने गरेको पाउन सकिन्छ। अध्ययन गरेपछि फाइदा आफूलाई मात्र हुन्छ भनी सामान्य बुझाइको कमीले पठन संस्कृतिको विकासमा टेवा पुग्न नसकेको हो।

अध्ययन संस्कृतिले कुनै पनि मुलुकको विकासको मापन गर्दछ। पढ्ने भनेको शिक्षक र साहित्यकारको मात्र काम होइन, यो डाक्टर, इञ्जिनियर, पाइलट, राजनीतिज्ञ सबैको काम हो भन्ने बुझ्न सकेमा अध्ययन संस्कृतिको विकासलाई टेवा दिन्छ। अध्ययनले हरेक क्षेत्रमा सहयोग गर्दछ। मानिसलाई राजनीतिक अधिकारको प्रयोग गर्दा अमूल्य मतदानलाई दुरुपयोग गरेको पाउन सकिन्छ। गलत र ठिक के हो भनी विश्लेषण र तर्क-वितर्क गर्न अध्ययनको दायरालाई फराकिलो बनाउनु पर्दछ। पछिल्लो समय हाम्रो देशमा अध्ययन संस्कृतिमा डरलाग्दो स्खलन आएको छ भन्ने यथार्थ सार्वजनिक गर्नुपर्दा हामीलाई एकै साथ पीडा र क्षोभको अनुभूति हुन्छ। कुनै बेला गहन अध्ययन, सूक्ष्म विश्लेषण, वस्तुनिष्ठ तार्किकता र अनुभवका आधारमा आफ्ना मान्यतालाई निरन्तर परिस्कार गरिन्थ्यो। अचेलको पुस्ता गहिरो अध्ययन गर्दैन, ऊ त अखबार, टेलिभिजन र एफएमहरूका अपरिस्कृत, अर्धप्रशोधित र कतिपय सन्दर्भमा त प्रायोजित, अर्धसत्य या असत्य सूचनाहरू समेतलाई बोकेर धारणा बनाउँछ र दैनन्दिन व्यवहार धान्छ भन्नुपर्दा असहज लाग्छ। तर, यो तीतो सच्चाइ हो।

एउटा शिक्षक आफ्नो पुरानो च्यातिएको नोटले जीवन गुजारा गर्छ, एउटा चिकित्सक १० वर्षअघि पढेको ज्ञान बेचेर बिरामीबाट फि लिन्छ भने उनीहरु कसरी रुपान्तरित विश्व परिवेशसँग अद्यावधिक हुन सक्छन् र ? आफ्ना क्षेत्र र विषयका बदलिएका सन्दर्भहरुमा अद्यावधिक नहुने शिक्षक, चिकित्सक, इञ्जिनियर, राजनीतिकर्मी, विश्लेषक, शोधकर्ता, व्यापारी, व्यवसायी कसैले पनि आफ्ना लागि, समाजका लागि र राज्य तथा सिंगो मानवताका लागि ठूलो योगदान गर्न कठिनाई हुन्छ। तसर्थ, रुपान्तरणका लागि विश्वमा भइरहेका बदलावको प्रकृति, गति र परिवेश बुझ्न आवश्यक छ। यसका लागि अध्ययन आवश्यक छ। दुनियाँ बुझ्न धेरै पढ्नुपर्ने हुन्छ। सुनेका भरमा, अप्रशोधित सूचनाका भरमा धारणा निर्माण गरियो, सोही अनुरुप योजना बनाइयो भने ठूलो क्षति हुन्छ। राजनीतिक अस्थिरताका कारण, सामाजिक उत्पीडन, भाषिक अकर्मण्यता, सांस्कृतिक विचलन, अन्याय र अत्याचारको श्रृंखलामा तड्पिइरहेको अवस्थाबाट मुक्ति पाउनको लागि अध्ययन जरुरी छ र अध्ययन संस्कृतिका बाधकहरुलाई हटाएर अघि बढ्न आवश्यक छ। बालबालिकाहरुमा सानैदेखि पाठ्यपुस्तकका अतिरिक्त भिन्न-भिन्न विषयका विभिन्न पुस्तकहरु पढ्ने बानी बसाल्न आवश्यक हुन्छ।

यसो गरेको खण्डमा बालबालिकाहरुको सामाजिक, शैक्षिक, बौद्धिक, मानसिक, संवेदनात्मक विकास राम्रोसित हुन पाउँछ। उनीहरुको दिमाग संवेदनशील, कल्पनाशील र सृजनशील हुन्छ र उनीहरुमा प्रतिभा प्रस्फुटन हुन्छ। अध्ययन संस्कृति मानिसको जीवनपर्यन्त शिक्षा र ज्ञान हासिल गर्ने पहिलो खुड्किलो र प्रमुख प्रवेशद्वार हो। आजका बालबालिकाहरु नै भोलिका युवा जनशक्ति हुन्, जसको समाज परिवर्तनमा विशेष योगदान हुने गर्दछ। बालबालिकाहरु भनेको एउटा कच्चा माटो हो, जसलाई हामी जस्तो रुपमा चाहन्छौं। त्यस्तै रुपमा परिणत वा प्रस्तुत गर्न सक्दछौं। त्यसैले आफ्नो बालबालिकाहरुलाई कस्तो बनाउने भन्ने जिम्मा अभिभावक, त्यहाँ रहेको समाज र त्यस देशको अवस्था अत्यन्तै जिम्मेवार रहेको हुन्छ। सानै उमेरदेखि पठनप्रति रुची जगाउन जरुरी छ। यो काम त्यति सजिलो छैन।



मोबाइल संस्कृति र पठन संस्कृतिलाई सँगै लैजान जरुरी छ।

आज मुलुक र मुलुक बाहिरका लेखकहरुका कृतिको गहन अध्ययन, सिर्जनात्मक सोच र निष्ठापूर्ण व्यवहार हरेक क्षेत्रमा नेतृत्व गर्नेलाई आवश्यक छ। पठन संस्कृतिबाट मुलुकको साँचो विकास निःसृत हुन्छ। तर, यति बेला हाम्रो अध्ययन संस्कृतिमा साँच्चै नै डरलाग्दो गिरावट आएको छ। यदि नमूना सर्वेक्षणका रूपमा विगत एक वर्षमा पढेका महत्वपूर्ण पुस्तक या लेखेका कुनै राजनीतिक आलेख, कार्यपत्र, शोधपत्रको सूची या लिएका र दिएका प्रशिक्षणको विवरण बनाउने हो भने अध्ययन संस्कृतिको यथार्थ तस्विर साम्नेमा आउनेछ। अध्ययन संस्कृति ओझेलमा पर्ने हो भने मुलुकमा योजनाबद्ध विकास, मुलुकको नयाँ कार्यदिशाको निर्माण र समतामूलक समाजको परिकल्पना र चिन्तनको खडेरी पर्छ। सतही ज्ञानले दीर्घकालीन सोचको अभाव र स्वार्थी, व्यक्ति केन्द्रित भावनाको विकास गर्छ र यसले समाज, समुदाय, राज्यका कार्यभार ओझेलमा पर्छन् र मुलुकले सार्थक गोरेटो भेट्टाउँदैन।

पठन संस्कृतिले आलोचनात्मक चेत भएका जाग्रत मनुष्य निर्माणमा सहयोग गर्छ। व्यवहारको आवश्यकतासँग जोडेर वैज्ञानिक सिद्धान्तको अध्ययन गर्ने, त्यसलाई सिर्जनात्मक ढंगले बुझ्ने र रचनात्मक ढंगले कार्यान्वयन गर्ने संस्कृतिलाई नयाँ ढंगले विकास गर्नैपर्छ। सामाजिक रूपान्तरण जनताको सचेत, जागरुक र संगठित क्रियाशीलताका बलमा मात्रै सफल हुन्छ। अनि जनतालाई सचेत, जागरुक र संगठित गर्ने अभियन्ताहरू स्वयम् सचेत, जागरुक र सिर्जनशील हुनु अनिवार्य पूर्व शर्त हो भन्ने कुरा दोहोऱ्याइरहनु आवश्यक परेन।

अध्ययनको भोक जगाउन र आजका प्रश्नको समुचित जवाफ खोज्न अध्ययन कर्मलाई थप व्यवस्थित बनाउन जरुरी छ। हरेक व्यक्तिले आफ्नो कार्यक्षेत्रको ठोस स्थितिको ठोस विश्लेषण गरेर मात्र सार्थक योगदान पुऱ्याउन सकिन्छ र यसका लागि अध्ययन संस्कृतिलाई बढावा दिन आवश्यक छ। अराजकता, भाँडभैलो र अस्तव्यस्तताको संक्रमणबाट मुलुकलाई योजनाबद्ध, सार्थक, जनपक्षीय र लोकतान्त्रिक मार्गमा लैजान राज्यका हरेक क्षेत्रमा चिन्तनशील, देशभक्त, स्वप्नदर्शी नेतृत्व स्थापित हुन आवश्यक छ र यसका लागि अध्ययन संस्कृतिको विकास गर्न जरुरी छ। हामी अहिले पनि संक्रमणबाट गुज्रिरहेका छौं। सङ्क्रमणकाल भन्नु नै पुराना मूल्य खण्डित भएको तर नयाँ विकास भई नसकेको, पुराना संरचना भत्किएको तर नयाँ उभिई नसकेको, पुराना उत्तर बासी भइसकेको तर नयाँ उत्तर सुनिश्चित भई नसकेको विशिष्ट अवस्था हो। गतिशील यथार्थले हाम्रासामु नित्य नयाँ प्रश्न तेर्स्याइरहेको छ। वर्ग सम्बन्ध बदलिरहेका छन्। सामाजिक सम्बन्धमा नयाँ आयाम अगाडि आइरहेका छन्। मान्छेको मनोविज्ञान बदलिँदो छ।

राज्य, दल, गैर राज्यपक्ष-सबैको भूमिकामा बद्लाव आइरहेको छ। साम्राज्यवादी उत्पीडनका रूप, अतिरिक्त मूल्यको दोहन, राष्ट्र-राष्ट्रबीचको सम्बन्ध- सबै क्षेत्रमा नयाँपन आइरहेको छ। राजनीति, शिक्षा, चिकित्सा हरेक क्षेत्रलाई नयाँ ढंगले अगाडि बढाउनुपर्ने चुनौति खडा छ। अन्यथा, नयाँ स्थितिसँग अनुकूल नहुन नसकेर कतिपय प्राणी विलुप्त भए जस्तै हाम्रा सोच र उद्देश्यहरुले क्षयीकरण, विघटन र विसर्जनको नियति भोग्न बाध्य हुनुपर्नेछ। सिर्जनात्मक ढंगले आजको सामाजिक यथार्थसँग जोडेर अघि बढ्न विश्वमा आएका परिवर्तनप्रति जागरुक हुनु जरुरी छ। यसका लागि हामीले अध्ययन संस्कृतिलाई पुनःजीवन दिनै पर्छ ।अध्ययन भनेको मनोरञ्जनका लागि मात्र होइन, समाज रूपान्तरणका लागि पनि हो। सारमा भन्नुपर्दा, अध्ययन संस्कृतिको बढावा भनेको सभ्यताको विकासका लागि हो।

*tirthakharel2028@gmail.com*

# आज हरिबोधिनी एकादशी

कात्तिक शुक्ल एकादशीका दिन आज औषधिको गुणले युक्त तुलसीको पूजा आराधना गरी हरिबोधिनी एकादशी पर्व मनाइँदैछ।

हरिबोधिनी एकादशीका दिन तुलसीसँग भगवान् दामोदर (विष्णु)को विवाह र विशेष पूजा गरी मनाउने वैदिक परम्परा छ। आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिनमा क्षीरसागरमा सुत्नुभएका विष्णु आज ब्युँझने भएकाले यो एकादशीलाई हरिबोधिनी वा प्रबोधिनी एकादशी पनि भनिन्छ।

हुन त वर्षमा २४ वटा एकादशी हुन्छन्, अझ मलमास परेको वर्षमा त २६ वटा एकादशी पनि हुन्छन्। तर, ती सबै एकादशीका तुलनामा यी दुईवटा एकादशीलाई विशेष महत्वका साथ शास्त्रीय विधिविधान पालना गरी व्रत सम्पादन गर्ने परम्परा रही आएको छ। यसरी यी दुई एकादशीको विशेष महत्व देखिनुमा विष्णुको दैनन्दिनीको भूमिका देखिन्छ।

सनातन धर्मभित्र यस चराचर जगतको संरक्षण र पालना गर्ने जगन्नियन्ता परब्रह्म परमेश्वरका रूपमा विष्णुको आराधना हुने परम्परा पाइन्छ। अनि हामी पृथ्वीमा बसोबास गर्ने मनुष्यहरूको एक वर्षको अवधि देवताहरूको केवल एकदिनको अवधि मान्ने चलन समेत छ।

सामान्यतया सूर्य दक्षिणायनतर्फ ढल्कना साथ देवताहरूको रात्रीकाल हुने चर्चा विभिन्न धार्मिक ग्रन्थमा प्राप्त हुन्छ। यिनै पौराणिक मान्यता र आख्यानका आधारमा आषाढ महिनामा पर्ने ठूली एकादशीका दिन विष्णु क्षीरसागरमा पुगेर शयन गर्ने र कात्तिक शुक्ल पक्षमा पर्ने ठूली एकादशीका दिन



निद्रा त्यागी ब्युँझने कथा प्रसङ्ग बेग्ला-बेग्लै धार्मिक ग्रन्थहरूमा उल्लेख भएकाले पनि यी एकादशीको महत्व चुलिएको सकिन्छ।

हिन्दू धर्म मान्ने प्रत्येक व्यक्तिको घरमा तुलसीको मठ बनाएर सम्मानका साथमा संरक्षण र सम्बर्द्धन गरिने वनस्पति हो, तुलसी। यी दुईवटा एकादशीमा तुलसी पनि गाँसिएको पाइन्छ। तुलसीको बिरुवामा एक प्रकारको तेल हुन्छ, जुन तेल वातावरणमा रहेको वायुमण्डलमा सजिलै सम्मिश्रण हुन्छ। जसबाट घरको वातावरणलाई प्रदूषण हुनबाट जोगाउँछ। जहाँ र जुन घरमा तुलसीको वास र पूजा हुन्छ, त्यहाँ ऋद्धिसिद्धिको बास हुन्छ भन्ने मान्यता पनि छ।

यसरी धार्मिक र वैज्ञानिक आधारमा तुलसीको छुट्टै महत्व छ। असारको ठूली एकादशीमा प्रत्येक हिन्दु धर्मावलम्बीले आ-आफ्ना घरमा रहेको मठमा तुलसीको बिरुवा रोप्ने र कात्तिकको ठूली एकादशीका दिन उक्त तुलसीको विधिवत् विवाह सम्पन्न गरिदिने चलन पनि छ।

स्कन्दपुराणमा वर्णित कथाका अनुसार जालन्धरकी पतिव्रता पत्नी वृन्दाको सतित्व नै उसको अमरत्वको आधार थियो । सृष्टिको कल्याण गर्ने उद्देश्यले विष्णुले वृन्दाको सतीत्व नष्ट गर्नुपरेको थियो । त्यसपछि मात्र जालन्धरको बध गर्न सम्भव भएको थियो । विष्णुले रूप बदलेर आफ्ना पतिको भेषमा आफ्नो सतित्व नष्ट पारेको थाह पाएपछि वृन्दामा क्रोधको सीमा रहेन र क्रोधको आवेगमा उनले विष्णुलाई श्राप दिइन् ।

त्यसपछि विष्णु पत्थरमा परिणत भई शालीग्रामका रूपमा अवतीर्ण भए। यसरी वृन्दाले दिएको श्रापबाट मुक्त हुन विष्णुले शालीग्राम स्वरुपमा रहेर तुलसीसँग विवाह गर्नुपरेको थियो । जुन दम्पत्तीको छोरी छैन, उनीहरूले जीवनमा एकपटक आषाढको एकादशीमा आफ्नो घरआँगनको तुलसीको मठ बनाई तुलसी रोपी, चार महिनासम्म नित्य पूजाअर्चना गरी कात्तिक महिनाको ठूली एकादशीमा विधिवत् विवाह गरिदिएमा कन्यादानको पुण्य प्राप्त हुन्छ र सुपुत्री लाभ हुन्छ भन्ने शास्त्रीय मान्यता छ।

यी दुबै एकादशीमा नेपालका विभिन्न तीर्थस्थल, देवालय र मठमन्दिरमा मेला लाग्ने गर्दछ। त्यस्तै साना-ठूला नदीनाला, तालपोखरी र सरोबरमा स्नान गर्ने मानिसहरूको घुइँचो लाग्ने गर्दछ। आषाढमा पर्ने एकादशीका दिनबाट शुरु गरी चार महिनासम्म चोखोनीतो भई, एक छाकमात्र खाई, चतुर्मासा व्रत बस्ने चलन पनि छ। चतुर्मासाको अवधिभरि ठाउँ-ठाउँमा व्रतकथा महात्म्य र पुराणहरूको कथा श्रवण गर्ने व्यवस्थापन समेत हुने गर्दछ।

कतिपय धार्मिक व्यक्तित्वहरूले आ-आफ्ना घरैमा कथा सुन्ने सुनाउने व्यवस्था समेत गरेका हुन्छन् । ठूला-ठूला विद्वान्, सन्त, महन्त, योगी र सन्न्यासीहरू यस अवधिमा सम्भव भएसम्म एकै ठाउँमा बस्ने गर्दछन् र आफ्ना आध्यात्मिक उपदेश प्रदान गर्ने गर्दछन् । चतुर्मासाको अवधिमा केही तीर्थस्थलहरूमा बाहेक अन्य तीर्थस्थलको तीर्थयात्रा पनि बन्द हुन्छ। यस अवधिमा वृन्दावन, बाबाधाम, बद्रीनाथ, मुक्तिनाथ, गोसाइँकुण्ड, दूधकुण्ड आदि तीर्थको तीर्थाटन गर्ने परम्परा पनि छ। समग्रमा आध्यात्मिक र धार्मिक दृष्टिले चतुर्मासा अवधिको ठूलो महत्व छ।

उपत्यकाका चार नारायण, बूढानीलकण्ठका साथै देशभरका नारायण मन्दिरमा आज भक्तजनको विशेष भीड लाग्ने गर्छ। आजदेखि मार्गशीर्ष कृष्ण पञ्चमीका दिनसम्म तुलसीको हवन गर्न हेराउनु नपर्ने धार्मिक मान्यता छ। त्यसपछि हवन ( होम)जुरेका दिनमात्र तुलसी पूजा उद्यापन गर्न हुने विधि छ। यसरी चार महिने तुलसी पूजा समापन हुन्छ।

# फुटसलको उपाधि संयुक्त व्यवसायीलाई

**धुलाबारी, कात्तिक २८।** झापाको धुलाबारीमा सम्पन्न महिला फुटसलको उपाधि संयुक्त व्यवसायीको टोलीले हात पारेको छ ।

ट्राइब्रेकरमा कर्पोरेट कार्यालयलाई १-० गोल अन्तरले पाखा लगाउँदै संयुक्त व्यवसायको टोलीले एनएमसी महिला फुटसलको उपाधि जितेको हो ।

नेपाल बहुउद्देश्यीय सहकारी संस्था ( एनएमसी) अन्तर्गतको विषयगत उपसमिति खेलकुद उपसमितिको आयोजनामा धुलाबारी फुटसल एरेनामा सम्पन्न प्रतियोगितामा संस्था अन्तर्गतका सात वटा कर्मचारी टोलीको सहभागिता रहेको थियो ।

संस्था अन्तर्गतका पाँच वटा क्षेत्रीय टोली, प्रधान कार्यालय र कर्पोरेट कार्यालयको संयुक्त टोली र संस्था अन्तर्गतका वित्तीय व्यवसाय बाहेकका डेरी, कृषि फर्म, सहकारी पसल र चिया व्यवसायको संयुक्त टोलीबीच प्रतिष्पर्धा भएको थियो । पहिलो सेमिफाइनलमा भद्रपुर-केचना क्षेत्रलाई पाखा लगाउँदै फाइनल प्रवेश गरेको कर्पोरेट र प्रधान कार्यालयको संयुक्त टोलीलाई दोस्रो सेमिफाइनलमा बिर्ता-अर्जुनलाई जितेको संयुक्त व्यवसायले हराउन ट्राइब्रेकरसम्म कुर्नु पऱ्यो । फाइनल खेलमा तोकिएको अवधिभर कुनै टोलीबाट गोल नभएपछि खेल ट्राइब्रेकरमा पुगेको थियो ।

संस्थाले आफ्ना महिला कर्मचारीको शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि यस प्रकारका खेलकुद गतिविधि सञ्चालन गर्दै आएको छ । एनएमसी खेलकुद उपसमिति सदस्य मुना बिष्टले खेलप्रतिको रुची र पुनर्ताजगीका लागि आयोजना गरिने यसप्रकारका गतिविधिले महिला कर्मचारीलाई अझ हौसला प्रदान गर्ने विश्वास व्यक्त गरिन् ।

त्यस्तै प्रतियोगिताको उत्कृष्ट खेलाडी संयुक्त व्यवसाय टोलीका रञ्जिता कट्टेल घोषित भइन् । प्रतियोगितामा विजेता, उपविजेता तथा उत्कृष्ट खेलाडीलाई संस्थाका प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेती लगायतले पुरस्कार प्रदान गरेका थिए ।

उद्घाटन तथा सम्मान कार्यक्रम एनएमसी खेलकुद उपसमिति संयोजक हरिप्रसाद तिम्सिनाको अध्यक्षतामा सम्पन्न भएको थियो । उद्घाटन कार्यक्रममा मेचीनगर नगरपालिका वडा नं. १० का वडाध्यक्ष सुदयकुमार पनेरुको प्रमुख आतिथ्य रहेको थियो । उपसमिति सदस्य मुना बिष्टको स्वागत गरेको कार्यक्रमको सञ्चालन सामुदायिक विभाग प्रमुख हिरन कट्टेलले गरेकी थिइन् ।


## कृषि तथा पशुपन्छी बीमा क्षति मूल्यांकनकर्ता तालिम सम्बन्धी सूचना

यस कम्पनीलाई कृषि तथा पशुपन्छी बीमाको लागि बीमा समितिबाट तोकिएका निम्न जिल्लाहरुमा निम्न अनुसार कृषि तथा पशुपन्छी बीमा क्षति मूल्यांकनकर्ताको तालिम आयोजना गरिएको हुँदा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा वनस्पति वा पशुपन्छी सम्बन्धी विषयमा कम्तिमा दश जोड दुई वा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेका कृषि तथा पशुपन्छी बीमा क्षति मूल्यांकनकर्ता तालिम लिई सो कार्य गर्न इच्छुक नेपाली नागरिकहरुबाट निम्न ठेगानामा सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपिसहित निवेदन दिनुहुन सूचित गरिन्छ ।

| क्र. सं. | तोकिएका जिल्ला | तालिम सञ्चालन हुने मिति | तालिम सञ्चालन हुने स्थान | तालिमको लागि निवेदन दिने अन्तिम मिति | निवेदन दिने स्थान |
|---|---|---|---|---|---|
| १. | ताप्लेजुङ | २०७८ मंसिर ५ देखि ८ गतेसम्म | फिदिम, पाँचथर | २०७८।०८।०२ | नेको इन्सुरेन्स लि., फिदिम उपशाखा सम्पर्क नं. ९८०१९१८७२४ |
| २. | पाँचथर | | | | |
| ३. | इलाम | २०७८ मंसिर ९ देखि १२ गतेसम्म | विर्तामोड, झापा | २०७८।०८।०५ | नेको इन्सुरेन्स लि., बिर्तामोड शाखा सम्पर्क नं.०२३ ५४०८३३ |
| ४. | झापा | | | | |

नेको इन्सुरेन्स लि. Neco Insurance Ltd. केन्द्रीय कार्यालय अनामनगर, काठमाडौं

## वितरक आवश्यकता

यस पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्न केही कर्मचारी आवश्यक भएकोले स्थानीय आफ्नै साइकल भएका इच्छुक महानुभावले तु–सम्पर्क गर्नुहोला ।

**समय :** बिहान ५:०० बजेदेखि ७:३० बजेसम्म
**कार्यक्षेत्र :** बिर्तामोड एरिया
**तलब :** संस्थाको नियम अनुसार

## फ्ल्याट भाडामा

बिर्तामोड सिटीसेन्टर अगाडिको पूर्व धर्मकाँटादेखि माता मन्दिर जाने तेस्रो बाटोमा सुविधायुक्त फस्ट फ्लोरको एक फ्ल्याट खाली भएको हुँदा उचित भाडामा उपलब्ध गराइनेछ ।

सम्पर्क
९८१३७५७२०६, ९८६६२४२३२२

## कोठा चाहियो

बिर्तामोड मुक्तिचोकबाट ५०० मिटरको आसपासमा सटर चाहियो ।

सम्पर्क
९८१३७८३१९८, ९८५११६००६७

## कर्मचारी आवश्यकता

यस कार्यालयलाई केही कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

पद : अफिस कर्मचारी
संख्या : केही
तलब : १५,०००।–
योग्यता : SEE वा +2 सो सरह
कागजात : शैक्षिक योग्यता, प्रमाणपत्र, नागरिकता, pp साइज फोटो

सम्पर्क: ९८६६६७२५७९, ९८२५३५८७९६
बिर्तामोड–५, शनिश्चरेरोड

## सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५–५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०,९८२४९८२२९६

## घडेरी बिक्रीमा

बिर्तामोडस्थित बिर्ताबजारबाट पश्चिम एक किलोमिटरमा रहेको फनमीन स्कूल पूर्व उत्तर मुख भएको १३ धुर घडेरी बिक्रीमा छ ।

सम्पर्क
९८२४०३५०००, ९८५२६२८०४८

## कोठा बिक्रीमा

बिर्तामोड शनिश्चरे रोड टाटा शोरुम सँगै ऱ्याकसहिको सटर कोठा बिक्रीमा छ ।

सम्पर्क नं. ९८१५९५५३६२

## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारी तु–आवश्यकता ।
कुक : २ जना (महिला/पुरुष)
वेटर: २ जना (महिला/पुरुष

सम्पर्क:
९८१४०१५१०४, ९८४९८२२२२
९८१६०५८४३८, ०२३–५४५४५७

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।




सम्पर्क: ०२३–५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।




सम्पर्क:
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:०० बजेदेखि मेची अञ्चल अस्तालबाट

सम्पर्क : कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३–५३२८४५

*नोट: यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।*

## हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर अनिलकुमार महतो यही मंसिर १ गते बुधबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउदै हुनुहन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको
– शरीर झम्झमाउने, लाटो हुने, कुमजाम भएको
– प्यारालाइसिस, मुख बाङ्गिएको
**समय :** बिहान ८:०० देखि ३:००

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८५२६७५०३३)

## नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पाट्र्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)



## उपकार ब्राण्ड

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।

नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०४, ९८२०७१६१३०, ९८२०७१६११३

## UAE मा रोजगारको अवसर

कम्पनी : TRANSGUARD GROUP L.L.C.
शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०७/२३ | चलानी नं.: ६०१६७०३३ | LT. No.: 250233

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Commis/General Cook | 100 | 30 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Barista | 10 | 10 | | 1500 | ४८,२५५ | | | | | | | |
| 3. | Waiter | 20 | 0 | | 1500 | ४८,२५५ | | | | | | | |
| 4. | Waitress | 0 | 30 | | 1500 | ४८,२५५ | | | | | | | |
| 5. | Hostess | 0 | 20 | | 1500 | ४८,२५५ | | | | | | | |
| 6. | Cashier | 10 | 10 | | 1500 | ४८,२५५ | | | | | | | |

**सिद्धार्थ होटेल ग्राण्ड सिटी, विर्तामोड झापामा २०७८ मंसिर ७ गते (23 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैक पछाडी), ललितपुर
फोनः ०१-५१९३२३६, soundlinejhapa@gmail.com E-mail : nepal@soundlinesgroup.com
Mobile: 9814984440, 9817978774, 9808465610, 9842582538, 9806011762

## UAE मा TAXI DRIVER, DPS गार्ड र फ्याक्ट्री हेल्पर र Waiter मा रोजगारको अवसर

कम्पनी : BAKMART CO.
LT No. 212236 चलानी नं. ६०१३२६९७

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Helper | 100 | 800/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |
| २. | Waiter | 50 | 1200/- DHS | | | |
| ३. | Busboy | 50 | 900/-DHS | | | |
| ४. | Cook | 40 | 1200/1500/- DHS | | | |

**फाइनल अन्तरवार्ता यही २९ गते सोमबार बिर्तामोडमा हुनेछ ।**

कम्पनी : AL ARABIA TAXI CO.

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | TAXI DRIVER | 100 | 1500/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |

कम्पनी : MAGNUM SECURITY CO.

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Security Guard (DPS) | 100 | 2000/- AED | १२ घण्टा २६ दिन | छैन/छ | २ वर्ष |

नोटः फ्याक्ट्री हेल्परको खाना/बस्नसहित 1000/- AED ग्यारेन्टी गरिन्छ । ट्याक्सी ड्राइभरको हकमा पहिला गएकाहरुले 4000/- AED भन्दा बढी कमाई गरिरहेका छन् ।

**फ्याक्ट्र हेल्परले अन्तरवार्ता दिनु नपर्ने, ट्याक्सी ड्राइभरको फाइनल अन्तरवार्ता यही २८ गते र DPS Security Guard को फाइनल अन्तरवार्ता यही मंसीर १ गते बुधबार बिर्तामोडमा हुनेछ ।**

**सगुन ओभरसीज सर्भिसेज प्रा. लि. (सगुन होम)**
डिल्लीबजार, काठमाडौं (फोन सम्पर्क : ९८०८०७४५९८, ९८०३०७४४३९)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
विभिन्न अवसरले पछ्याए पनि काममा पछि परिनेछ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
मुख्य भूमिका निर्वाह गर्दागर्दै पनि अरूको छायामा परिएल ।। मध्याह्नदेखि स्थितिमा सुधार आउनाले लाभ उठाउन सकिनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्ने छन् । ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ । आकर्षक उपहारले उत्साह जगाउनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । अरूको विश्वास गर्दा धोका हुन सक्छ । अवसरका लागि निकै दौडधुप पनि गर्नुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
प्रयत्न गर्दा लामो यात्राको प्रक्रिया अघि बढ्न सक्छ । मध्याह्नदेखि स्थितिमा सुधार आउनेछ भने मेहनतले आत्मविश्वास बढ्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू पनि बढ्ने [redacted]ारिवारिक जमघटले मनमा आनन्द प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
मेहनत गर्दा आम्दानीका स्रोत फेला पर्ने छन् । आवश्यक भौतिक साधन सजिलै जुट्ने छन् । आम्दानी बढ्नाले उत्साह जाग्नेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । दिउँसोदेखि खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
आवश्यकता पूरा गर्न सरसापट लिनुपर्ने हुन सक्छ । सोखले फजुल खर्च बढाउनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ । समाजमा तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
विभिन्न अवसरले पछ्याउने छन् भने दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
मध्याह्नदेखि आयस्रोत बढ्ने छन् । तर, उपलब्धि प्राप्त गर्न लगानी गर्नुपर्ने हुन सक्छ । अरूको भरपर्दा उद्देश्य पूरा नहुन सक्छ ।